कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०७/०१ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/निर्देशन/कैफियत |
|---|---|---|---|
| १. | स्विट केभ, का.म.न.पा - १३, कालिमाटी | • सरसफाइ पर्याप्त नभएको<br>• तेलको TPM परीक्षण गर्दा २२.५ पाइएको<br>• Pest control को पर्याप्त व्यवस्था नभएको<br>• मास्क, ग्लोब्स नलगाई मिठाई बनाउने गरेको<br>• फ्रिज अव्यवस्थित रहेको<br>• Synthetic food color प्रयोग गर्ने गरेको | • नियमित सरसफाइ गरी गुणस्तर कायम गर्ने, एक पटक फ्राई गरेर सेलाएको तेल पटक-पटक प्रयोग नगर्ने, Pest control र कामदारको व्यक्तिगत सरसफाइमा ध्यान दिने, synthetic food color मापदण्ड अनुरूप मात्र प्रयोग गर्ने, मिठाई छोपेर राख्ने र फ्रिज व्यवस्थित राख्ने निर्देशन दिएको। |
| २. | साजन गोठ, का.म.न.पा - ११ (आउटलेट) | • सरसफाइको अवस्था सामान्य रहेको<br>• मास्क नलगाई मिठाई प्याकेजिंग गरिरहेको<br>• खुवाको पेडाको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा कैफियत नपाइएको | • नियमित सरसफाइ गरी स्वच्छता कायम गर्ने, मिठाईजन्य खाद्य पदार्थमा कुनै मिसावट नगर्ने र गुणस्तरीय मिठाई मात्र प्रयोग गर्ने निर्देशन दिएको। |
| ३. | लक्ष्मी स्विट, का.म.न.पा - १४ | • उद्योग परिसरको सरसफाइ सन्तोषजनक नपाइएको<br>• मिठाई उत्पादन स्थलमा मिठाईजन्य पदार्थ नछोपी भण्डारा गरेको<br>• मिठाई बनाउने ठाउँ छतमा खुल्ला रहेको हुँदा pest बाट cross contamination हुन सक्ने<br>• खुवाको पेडाको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा कैफियत नपाइएको | • नियमित सरसफाइ गरी स्वच्छ र गुणस्तरीय मिठाईजन्य पदार्थ उत्पादन गरी बिक्री वितरण गर्ने, मिठाई छोपेर राख्ने, मिठाईमा कुनै मिसावट नगर्ने, synthetic food color मापदण्ड अनुरूप मात्र प्रयोग गर्ने र किचनबाट cross contamination नहुने गरी संरचना सुधार गर्ने निर्देशन दिएको। |
| ४. | परिवार स्वीट्स, काठमाडौं — ३२, पेप्सीकोला | • सरसफाइ सन्तोषजनक नपाईएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नभएको | • Pest control को व्यवस्था गर्ने<br>• कैफियतमा भएको विवरणहरू सुधार गरेर व्यवसाय संचालन गर्ने। |

| | | | |
|---|---|---|---|
| | | • व्यक्तिगत सरसफाइको कमी<br>• फ्रिजको अव्यवस्थित प्रयोग। | |
| ५. | तूण्णा मिठाई, कौंडाघारी, सनसिटी, काठमाडौं (कागेश्वरी, मनहरा-९) | • Pest control को व्यवस्था सन्तोषजनक नभएको<br>• व्यक्तिगत सरसफाइको कमी<br>• मसिजन्य कागजको प्रयोग। | • Pest control को व्यवस्था थप प्रभावकारी बनाउँने<br>• व्यक्तिगत सरसफाइमा ध्यान दिने<br>• मसिजन्य कागजको प्रयोग नगर्ने। |
| ६. | रामेश्वर स्विट एण्ड न्याक्स प्रा. लि., काठमाडौं – ३२, पेप्सीकोला | • सरसफाइ सामान्य रहेको<br>• Pest control को व्यवस्था सामान्य रहेको<br>• व्यक्तिगत सरसफाइ सन्तोषजनक पाईयो<br>• Transport vehicle मा सरसफाईको कमी। | • खाद्य स्वच्छता कायम गर्ने<br>• Pest control को व्यवस्था थप प्रभावकारी बनाउँने<br>• मिठाई ढुवानी गर्ने साधन थप सफाई गर्ने। |
| ७. | नेहा शुद्ध शाकाहारी चाट एण्ड स्वीट्स हाउस, मध्यपुर ठिमी न. पा. – ३ गठ्ठाघर | • सरसफाइ सामान्य रहेको<br>• फ्रिजको अव्यवस्थित प्रयोग<br>• खाद्य रंग (Coal tae dyes) को अव्यवस्थित प्रयोग<br>• फ्रिजको अव्यवस्थित प्रयोग<br>• व्यक्तिगत सरसफाइको कमी<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाईएको। | • खाद्य स्वच्छता कायम गर्दै देखिएका कैफियतमा देखिएका विवरणहरू सुधार गर्ने। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ७ वटा बिक्री केन्द्र लगायत होटल/रेष्टुरेन्ट** | | | |

Sharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०७/०१